आज मिति २०८२।०६।३० गते पुर्वीचौकी गाउँपालिका र पूर्वीचौकी युवा समाजका प्रतिनिधिहरु बिच छलफल हुँदा देहाय बमोजिम निर्णय गरिने समझदारी तथा हस्ताक्षर गरियो ।

१. छेपलाडी वाडी कुडासैन रिङरोड सडकको तिहार लगतै संयुक्त रुपमा अनुगमन गरि सम्भावनाको पहिचान गर्ने ।
२. पूर्वीचौकी गाउँपालिका भित्र व्यवसायिक रुपमा संचालनमा रहेका आरन व्यसायलाई क्रमिक रुपमा आधुनिकिकरण गर्दै लैजाने ।
३. तिहार पछि सम्पूर्ण सामुदायिक विद्यालयहरुमा सुंयुक्त रुपमा अनुगमन गरि आवश्यकता अनुसार अभिभावक,शिक्षक तथा विद्यार्थीहरु संग त्रिपक्षीय रुपमा छलफल गर्ने ।
४. शैक्षिक गुरणस्तर तथा नतिजा सुधार गर्नका लागि माध्यामिक विद्यालयहरुमा छात्रावास निर्माण गरि थप कोचिङ कक्षाको व्यवस्था मिलाउने ।
५. विधुत महशुल बुझाउन सहज गर्नका लागि यस पालिका मा अस्थाई वा घुम्ति काउन्टर निर्माणका लागि आवश्यक पहल गर्ने ।
६. जिर्ण भएका विद्यालयका भवनहरु यथाशिघ्र पुन निर्माण गर्ने ।
७. पूर्वीचौकी गाउँपालिकामा रहेको दश शैया अस्पताललाई यथाशिघ्र संचालनको लागि पहल कदमी तथा जनशक्ति व्यवस्थापन गर्ने ।
८. पूर्वीचौकी गाउँपालिका भित्रका माध्यामिक तहका सामुदायिक विद्यालयहरुमा कुनै पनि राजनीतिक दलका भातृ संगठनहरु नखोलनका लागि विद्यालयहरुलाई परिपत्र गर्ने ।
९. सामुदायिक विद्यालहरुमा तीन महिनामा एक पटक अनिवार्य रुपमा गाउँपालिका र सरोकार वाला पक्षहरुबाट नियमन तथा अनुगमन गर्ने ।
१०.एस.ई.ई. का विद्यार्थीहरुका लागि निशुल्क कोचिङ कक्षा संचालन का लागि गाउँपालिकाले बजेट व्यवस्थापन गर्ने ।
११.स्थानीय पाठ्यक्रमलाई निरन्तर रुपमा निर्माण गर्दै लैजाने ।
१२.भकारे खानेपानी व्यवस्थापन गर्न भकारे खानेपानी व्यवस्थापन समितिलाई छलफलका लागि प्रत्राचार गर्ने ।
१३.वडा नं ७ अन्तरगत दुलवस्ता टोलमा आगामी ६ महिना भित्र विधुत विस्तार गरिनेछ ।
१४.प्रशासनिक तथा कार्यालयका कामकाज पार्दशितता तथा सुशासन कायम गर्ने ।
१५.वडा नं ५ काडामाण्डौमा खेल मैदान पार्क निर्माण तिहार पछि गरिनेछ ।
१६.सरकारी कामकाज बाहेक जथाभाबी सरकारी सवारी साधन चलाउनु नपाउने ।

CamScanner

१७.यी माथिका वुदाहरु बाहेकका मागहरु आधिकारीक रुपमा लिखित पेश गर्ने र गाउँपालिकाले लिखित रुपमा प्रतिक्रिया पठाउने ।

यी माथिका वुदाहरुमा समझदारी गरि मिति २०८२।०६।२९ गते गाउँपालिकामा पूर्वीचौकी गाउँपालिकाका युवा समाजका युवाहरुले लगाएको ताला जिल्ला सुरक्षा निकायको रहोबरमा खोलिएको छ ।

CamScanner
CamScanner